# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : ४३, २०८२ साउन १८ गते आइतवार ( 3 Aug. 2025 ) मूल्य रु. २०।-



प्रधानमन्त्री केपी शर्मा ओली आज नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तुर्कमेनिस्तान जाँदै हुनुहुन्छ। भूपरिवेष्ठित विकासशील देशहरूको (एलएलडिसी) तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा सहभागि हुने कार्यक्रम छ।

## मिडिया काउन्सिलका विषयमा पत्रकारहरुसँग छलफल

सुस्केरा समाचारदाता

काठमाडौं, साउन - सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गठन हुने तयारीमा रहेको मिडिया काउन्सिलका विषयमा पत्रकारहरुसँग घनिभुत छलफल गर्नु भएको छ।

उहाँले मिडिया काउन्सिललाई सरकार बाट अलग राख्न नसकिने बताउनुभएको छ । शनिवार प्रेस चौतारी नेपालमा आवद्ध पत्रकारहरु सहित विशिष्ठ, क्रियाशील र वरिष्ठ पत्रकारहरुसँग छलफल गर्दै मन्त्री गुरुङले सो कुरा बताउनुभएको हो।

मिडिया काउन्सिलका लागि सबै संरचनाहरु सरकारले बनाइदिने तर सरकारको मातहतभन्दा बाहिर राख्न नसकिने भन्दै उहाँले सरकार मातहत रहे पनि काउन्सिललाई स्वायत्त चरित्रको संस्थाको रुपमा स्थापित गर्ने प्रतिवद्धता जनाउनुभयो। पत्रकारलाई नियन्त्रणभन्दा नियमन गर्ने काम मात्र सरकारले गने उहाँले प्रष्ट पार्नुभयो । स्वतन्त्रताको नाममा पत्रकारलाई पनि छाडा हुने छुट नरहेको उहाँको भनाइ छ।

सञ्चारमन्त्री गुरुङले छलफलमा उठेका प्रश्नहरुको सम्बोधन गर्नुहुँदै प्रेस स्वतन्त्रता र स्वायत्तताप्रति संवेदनशील हुँदै मिडिया काउन्सीललाई व्यवस्थित र मर्यादित बनाउन प्रयत्नरत रहेको बताउनुभयो। छलफलमा नेपाल पत्रकार महासंघ सहित पत्रकार सम्वद्ध संघ संस्थाका पदाधिकारी तथा सम्पादकहरुको सहभागिता थियो।

....... .. .पेज नं. ८ मा

## वर्षाबाट हुने विपद्देखि सावधान हौं

सुस्केरा समाचारदाता

डोल्पा, साउन - डोल्पामा यो हप्ता सुरु भए यता अन्नबालीलाई आवश्यक पानी परिरहेकाले किसानहरु खुसि भएका छन्। असार महिनामा मात्र हो र साउन पहिलो हप्ता सम्म नै पानी नपरे पछि किसान चिन्तित बनेका थिए। साउन दोस्रो हप्ताको मध्यतिरबाट डोल्पामा पानी पर्न थाले पछि आवश्यक पानी परिरहेको छ।

आवश्यक पानी परिरहेकाले किसानले लगाएका विभिन्न बालीनाली राम्रै फस्टाउन थालेकाले किसानहरुमा आशाको किरण फैलिएको हो। अरु बेला एक्कासी पर्ने पानी यति बेला भने सालिन रुपमा मसिनो गरी परेको छ।

गत ४ दिनदेखि झनै राम्रो पानी परेको छ । राति राति पानी पर्ने दिउसो थोरै भए पनि घाम लाग्नाले बालीनाली सप्रने आशा किसानहरुमा छ। अलि ठुलो र धेरै दिन पानी नपरेर यसै गरी दिनमा केही घण्टा पानी पर्ने, केही घण्टा घाम लाग्ने तथा पानी नपर्ने गरेर महिना भन्दा बढि गएमा डोल्पाली किसानहरुलाई राहात

....... .. .पेज नं. ८ मा

## राष्ट्रसङ्घीय परिषद् अध्यक्षमा नेपाल

सुस्केरा समाचारदाता

काठमाडौं, साउन - नेपाल संयुक्त राष्ट्रसङ्घको प्रमुख अङ्गमध्ये एक आर्थिक तथा सामाजिक परिषद् (इकोसक) को अध्यक्षमा निर्वाचित भएको छ।

राष्ट्रसङ्घको मुख्यालयमा आयोजित विशेष समारोहमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले परिषद्को अध्यक्षता ग्रहण गर्नुभयो।

उहाँ परिषद्को २०२६ सत्रका लागि अध्यक्ष निर्वाचित हुनुभएको थियो। संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार परिषद्का निवर्तमान अध्यक्ष तथा क्यानडाका स्थायी प्रतिनिधि बब रेले अध्यक्षको प्रतीक हस्तान्तरण गर्दै थापालाई परिषद्को पद हस्तान्तरण गर्नुभएको थियो । नवनिर्वाचित अध्यक्ष थापाले

....... .. .पेज नं. ८ मा

## तराई क्षेत्रमा डिप बोरिङ खन्न सुरु

सुस्केरा डेक्स

डोल्पा, साउन - तराई क्षेत्रमा सिँचाइको लागि ५ सय वटा डिप बोरिङ खन्ने काम सुरु गरिएको छ।

पानी नपरेर सिँचाइमा समस्या भएपछि सरकारले यो निर्णय लिएकाले हो। प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत किसानका लागि सिँचाइ सुविधामा सुधार ल्याउने उद्देश्यले सरकारले उक्त योजना कार्यान्वयनमा ल्याएको उल्लेख गरेका हुन्।

'तराईमा ५०० वटा डिप बोरिङ खन्ने काम सुरु भएको छ, सिँचाइका लागि किसानलाई प्रतियुनिट बिजुलीको ३ रुपैयाँ मात्र लाग्नेछ', प्रधानमन्त्रीले फेसबुकमा लेखेका छन्। प्रधानमन्त्री ओलीका अनुसार यो योजना सिँचाइको पहुँच नपुगेका तराई क्षेत्रका किसानलाई लक्षित गरेर सुरु गरिएको हो। यसबाट भूमिगत पानीको

....... .. .पेज नं. ८ मा

## स्थानीय लोक बाजा लोप हुदै

मेनुका बुढा

डोल्पा, साउन - पछिलो समयमा डोल्पा जिल्लाका कतिपय गाँउघरमा पुराना लोक बाजा लगायत मादलको समेत लोप हुदै गएको छ। डोल्पा जिल्लाको गाँउघरमा पञ्चेबाजा र मादल आतिआवश्यक परेमा मात्र प्रयोग गर्ने गरिएको छ।

हिन्दु धर्मावलम्बिहरुले परापुर्वकाल देखि नै विभिन्न रितिरिवाजहरु ,देविदेवताको पुजा गर्ने क्रम्मा मन्दिरहरुमा पञ्चेबाजा , मादल, झयालि, छिल्लर, खैचडिहरु वजाउने र मठमन्दिरमा बुढापाकाहरुले गाँउघरमा पैसेरि नाचेर रमाइलो गने चलन रहेको हुन्थियो । यो आधुनिक जमना आयो भनेर मठमन्दिरमा पुजापाठ गर्दाखेरी पनि आधुनिक गितहरु बजाएर नाच्ने गरेको मुड्केचुला गाँउपालिका वडा नं २ का स्थानीयबासिहरुले बताए का छन्।

आधुनिक जमना आयो भन्दैमा परपुर्वकालदेखिनै चलि आएको रितिरिवाजलाई ,मादल, लोक बाजाहरुलाई लोप हुन नदिन सबैले यसलाई संरक्षण गर्नू पने स्थानीयबासिहरुले आग्रह गर्नु भएको छ। यि पुराना परापुर्वकालदेखि नै चलिआएका लोक बाजाहरुको हामि सबै मिलेर

....... .. .पेज नं. ८ मा

## काउन्सिलको स्वयत्तता सुनिश्चित गर्न सुझाव

सुस्केरा समाचारदाता

काठमाडौं, साउन - मिडियाको नियमनकारी संस्था प्रेस काउन्सिल खारेज गरी बन्ने मिडिया काउन्सिल (परिमार्जित आमसञ्चार परिषद्) को संरचनागत, कार्यगत र आर्थिक स्वायत्तता सुनिश्चितता गरेर मात्र संसद्मा विचाराधीन विधेयक पारित गर्न विज्ञहरूले सुझाव दिएका छन्।

प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विधेयकका अन्तर्वस्तुमा सुझाव दिँदै विज्ञहरूले हाल प्रस्तावित विधेयकले काउन्सिलको स्वायत्तता सुनिश्चित नगर्ने बताए। समितिले आमसञ्चार क्षेत्रका प्राध्यापक तथा सरोकारवाला निकायका प्रतिनिधिसँग लगातार सुझाव लिइरहेको छ। राष्ट्रिय सभाबाट पारित विधेयक प्रतिनिधि सभाको समितिमा विचाराधीन छ।

विधेयकका अन्तर्वस्तुमा सुझाव प्रस्तुत गर्दै गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले विधेयकमा प्रस्तावित व्यवस्था, नियुक्तिको प्रावधान र संरचना नियन्त्रणमुखी रहेको बताउनुभयो। विचाराधीन विधेयक विगतभन्दा पनि नियन्त्रणमुखी सोच देखिएकाले परिमार्जन आवश्यक रहेको सुवेदीले बताउनुभयो। उहाँले काउन्सिललाई नियन्त्रणकारी भन्दा नियमन गने संस्थाका रूपमा विकसित गर्ने गरी विधेयक पारित गर्न सुझाव दिनुभयो।

गोरखापत्र संस्थान कै महाप्रबन्धक लालबहादुर ऐरीले हालको काउन्सिलको संरचना र प्रस्तावित मसौदाको संरचनामा तात्त्विक फरक नरहेको बताउनुभयो। ऐरीले विधे

....... .. .पेज नं. ८ मा

## मिडिया काउन्सिलका ........

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाँउलेले मिडिया काउन्सील विधेयकले पत्रकारलाई आचारसंहिता पालना गराउने, पत्रकारको गुनासो सुन्ने निकायको रुपमा स्थापित गर्न आग्रह गर्नुभयो ।

सार्वजनिक सेवा प्रशारण (पिएसबी) का अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष डा. महेन्द्र विष्टले पूर्व न्यायाधीश वा वरिष्ठ पत्रकारलाई काउन्सिलको अध्यक्ष बनाउनेगरी मापदण्ड बनाउन सुझाव दिनुभयो । पत्रकारले आचारसंहिता मान्दैन भन्ने छुट नरहेको भन्दै उहाँले पत्रकारलाई स्वनियमनको अधिकार दिनुपर्ने सुझाव दिनुभयो ।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष नितु पण्डीतले मिडिया काउन्सील पत्रकारको न्यायलयजस्तै भएकाले यसको मर्यादितभन्दा स्वनियममा अभिप्ररित गर्नु पर्ने धारणा राख्नुभयो ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले पत्रकारको लागि बनाउन लागिएको मिडिया काउन्सील विधेयकलाई पत्रकारले नै अपनत्व गर्ने बनाउन छलफल आवश्यक रहेको बताउनुभयो । छलफलमा प्रेस चौतारीका पूर्व अध्यक्षहरु गणेश बस्नेत, राजेन्द्र अर्याल, नेपाल आदिबासी जनजाति पत्रकार महासंघ (फोनिज) का अध्यक्ष लक्की चौधरी, अकोरावका उपाध्यक्ष मिलन गाहा, सञ्चारिका समूहका उपाध्यक्ष वसन्ती बास्तोला, पत्रकार उज्ज्वल चौलागाई, प्रेस चौतारी नेपालका महासचिव हिरा मान लामा लगायतले काउन्सिलमा सुधार्नुपर्ने विषयमा सुझाव दिनुभएको थियो ।

समृद्धि एमालेको नेतृत्वमा सम्भव छ : सञ्चारमन्त्री गुरुङ

लेखनाथ, साउन - नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रालय योजनाबद्ध रूपमा जनताको चाहनाअनुसार अगाडि बढिरहेको बताउनुभएको छ ।

लिकबाट बाहिर गएको अर्थतन्त्र र शासन प्रणालीलाई सरकारले व्यवस्थित बनाएको चर्चा गर्नुहुँदै उहाँले जनताको अपेक्षाअनुरूप परिणाम दिनेगरी काम भइरहेको उल्लेख गर्नुभयो ।

सत्तारुढ दल नेकपा (एमाले) का उपमहासचिव समेत रहनुभएका गुरुङले पार्टी निर्माणका लागि अघिल्लो कार्यकालमा ल्याइएको दुई कार्यकाल अध्यक्षको सीमालाई परिमार्जन गर्न लागिएको बताउनुभयो ।

"समृद्धि र विकास एमालेकै नेतृत्वमा सम्भव छ" उहाँले भन्नुभयो, "मुलुकको आवश्यकताअनुसार पार्टीको नेतृत्व क्षमता अझै उचाइमा पुऱ्याउन विधान संशोधन प्रस्ताव आएको छ ।"

## काउन्सिलको ...... .........

यकको परिभाषा खण्डमा सुधारको आवश्यकता औंल्याउनुभयो । उहाँले पछिल्लो समय विकसित न्यु मिडिया र मेन स्ट्रिम मिडियाको फरक छुट्टिनुपर्ने धारणा राख्नुभयो ।

गोरखापत्र दैनिकका निमित्त प्रधानसम्पादक जुनारबाबु बस्नेतले काउन्सिलको सिफारिस संरचना, पदाधिकारीको योग्यता र आर्थिक स्वायत्तताका विषयमा परिमार्जन आवश्यक रहेको बताउनुभयो । बस्नेतले नियामक काउन्सिललाई सरकारको अधिनस्थ भन्दा स्वायत्त निकायका रूपमा विकास गर्नुपर्ने र मिडियामा स्वनियमन प्रवर्धन गर्नुपर्ने सुझाव दिनुभयो ।

बाह्रखरी डटकमका विशेष सम्पादक हरिबहादुर थापाले काउन्सिललाई विधायिकामातहतमा ल्याउन उपयुक्त हुने सुझाव दिनुभयो । उहाँले काउन्सिलमा प्रतिनिधित्व गर्ने व्यक्ति कम्तीमा १५ वर्षदेखि कुनै पनि दलको भ्रातृ सङ्गठनमा समेत आबद्ध नभएको हुनुपर्ने राय दिनुभयो ।

राष्ट्रिय समाचार समितिका समाचार सम्पादक उत्तम सिलवालले पदाधिकारीको योग्यता तथा सिफारिस संरचनाका विवाद समाधान गरेर संसद्ले विधेयक अघि बढाउनुपर्ने सुझाव दिनुभयो ।

समितिले यसअघि त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयका प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापकसँग सुझाव लिएको थियो । यस्तै रत्न राज्यलक्ष्मी क्याम्पसका उपप्राध्यापक, सञ्चारसँग सम्बन्धित संस्था, अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गर्ने संस्थाका प्रतिनिधिसँग सुझाव लिएको थियो । समितिले विभिन्न राजनीतिक दल आबद्ध शुभेच्छुक संस्थाका प्रतिनिधिसँग पनि सुझाव लिएको थियो ।

## तराई क्षेत्रमा ..... .... ... ....

प्रयोग गरेर वर्षभरि खेती सम्भव हुने वातावरण निर्माण हुने छ। सस्तो दरमा बिजुली उपलब्ध गराइँदा सिँचाइको लागत घट्ने र किसानको आम्दानीमा प्रत्यक्ष असर पर्ने विश्वास लिइएको छ ।

तराईका धेरै भूभागमा जमिन खेती योग्य भए पनि सिँचाइको स्थायी पहुँच नहुँदा किसानहरू मौसममा भर पर्न बाध्य छन् । यस वर्ष वर्षात् नभएको कारण किसानले लगाएको धान डढेर गएको छ । यस्तो अवस्थामा डिप बोरिङ मार्फत भू-जल उपयोग गरेर कृषिमा सुधार ल्याउने योजना अघि बढाइएको हो ।

सम्माननिय प्रधानमन्त्री केपी शर्मा ओली तराई मधेशको अवलोकन भ्रमणबाट फर्कने वित्तिकै सबै निकायहरुलाई परिचालन गरेर तत्काल डिप बोरिङ जडानको काम सुरु गरिएको हो । यसले किसानहरुलाई धेरै वर्षसम्म पानीको समस्या समाधान हुने आशा गरिएको छ ।

## राष्ट्रसङ्घीय परिषद् .... ....

विश्वका दबाबपूर्ण विकासात्मक चुनौतीको समावेशी, समन्वित र परिणाममुखी समाधानलाई आकार दिन परिषद्को भूमिकालाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

परिषद्मा हुने संवादका लागि एउटा मञ्चका रूपमा मात्र नभई अधिकार तथा सामाजिक न्याय वितरणका लागि उत्प्रेरकका रूपमा परिषद्लाई पुनर्जीवित गर्नुपर्नेमा जोड दिनुभयो । नेपालको अध्यक्षता दिगो विकास एजेन्डा-२०३० का साथै बहुपक्षीयताप्रतिको यसको स्थायी प्रतिबद्धता र विश्वास निर्माण गर्न, बहुपक्षीयतालाई सुदृढ पार्न र अझ न्यायपूर्ण, समावेशी र पुनरुत्थानशील विश्वको प्राप्तिमा अर्थपूर्ण योगदान गर्नमा केन्द्रित हुने पनि उहाँले प्रस्ट पार्नुभयो ।

सन् २०२६ को सत्रका लागि परिषद्को उपाध्यक्षका रूपमा अल्जेरिया, आर्मेनिया, डोमिनिकन गणराज्य र स्पेन निर्वाचित भएका छन् ।

## स्थानीय लोक बाजा .....

संरक्षण गर्नु आबश्यक हुन्छ यसले गर्दा हाम्रो पुरानो साँस्कृतिक झल्काउने काम गर्नुका साथै आन्तरिक पर्यटक र वाह्य पर्यटकलाई भित्र्याउने काम गर्दछ ।

डोल्पाको मध्य तथा तल्लो भेगमा रहेका लोक बाजाहरुको मात्र होइन डोल्पाको माथिल्लो भेग भोट क्षेत्रमा पनि त्यहाँका स्थानीयहरुले परापूर्वकाल देखि प्रयोग गर्दै आएका लोक बाजाहरु पनि संरक्षणको पर्खाइमा रहेका छन् । पुर्खाको धरोहरका रुपमा रहेका पुराना कला संस्कृतिहरुको जगेर्ना गर्नु सबैको जिम्मेवारी हो । यसमा सबैको ध्यान जानु आवश्यक छ । सबै भन्दा स्थानीय सरकार यस प्रति गम्भिर र जिम्मेवार हुनु आवश्यक छ ।

## वर्षाबाट हुने .... .... ...

मिल्ने कृषकहरुले बताउने गरेका छन् । आवश्यक पानी परिरहेको बेला किसान खुसि रहेको देखिन्छ । पानी परेरहेको बेला भिरालो जमिन भएको जिल्ला डोल्पामा जति बेला पनि पहिरो खस्न सक्छ, ठाडा खोला नाला भएका कारण अलि ठुलो पानी पर्ने वित्तिकै बाढि आउन सक्छ । त्यस कारण सबै सचेत हुनु आवश्यक छ । यही बाढि पहिरो आउन सक्ने खतरा भएका कारण विभिन्न तहका सरकारहरुको जिल्ला स्थित विपद् उद्धारका लागि सक्रिय रुपमा काम गरिरहेको जिल्ला प्रशासन कार्यालय नेतृत्वको विपद् व्यवस्थापन समितिले सबैलाई सचेत रहन बारम्वार आग्रह गरिरहेको छ । बिचार गरेर यात्रा गर्न, ध्यान दिएर सवारी चलाउन, ध्यान दिएर कामका( जमा जान आउन, खोलानाला तर्दा ध्यान दिन र विचार गरेर मात्र आफ्ना काम गर्न भनिएका सूचनाहरु जारी गरिरहेका छन् । वर्षातको बेला हुने विविध प्रकारका घट्नाबाट धनजनको क्षति हुन नदिन


## भू-संरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**

- **गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,**
- **खेती गर्दा गहरा बनाइ गरौं,**
- **भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,**
- **विना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,**
- **सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,**
- **पानी संरक्षणका उपायहरू अपनाऔं,**
- **स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।**

**"माटो बचाऔं, भविष्य जोगाऔं।"**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# कला संस्कृति जोगाऔं

नेपाल कला संस्कृतिको धनी देश हो । यहाँ विभिन्न कला संस्कृतिहरु परापूर्व कालदेखि चलि आएका छन् । यही क्रममा नेपालका हरेक गाउँ गाउँमा विभिन्न र विविध प्रकारका रीतिरिवाज, कला संस्कृति, परम्परा चलि आएका छन् । यसले समाजलाई जीवन्त बनाएको छ । यहाँको वातावरण नै विविधतायुक्त बनेको देखिन्छ । नेपाली समाजमा रहेको जुन प्रकारको संस्कारगत विविधताले गर्दा स्वदेशी पर्यटकहरु देखि विदेशी पर्यटकहरुलाई अध्ययनको थलो बनेको छ नेपाल । कला संस्कृतिको खानी रहेको कर्णालीको डोल्पा जिल्लामा गाउँगाउँमा विविध प्रकारका कला संस्कृति, संस्कारहरु रहेको पाइन्छ । समाज तथा समुदायमा महिने पिच्छे फरक फरक रीतिरिवाज रहेको पाइन्छ । प्रत्येक औसी पूर्णिमा मात्रै होइन, पञ्चमी, एकादशी लगायतका विभिन्न चाड पर्व तथा तिथिहरु मान्ने गरेको देखिन्छ ।

यसै क्रममा यतिबेला साउने पूर्णिमाको रौनक बढेको छ । साउन पूर्णिमाको अवसरमा प्रत्येक देवि देवताहरुलाई विभिन्न तिर्थ स्थलहरुमा पुर्‍याएर नुहाई धुवाई गरेर शुद्ध बनाउदै देवताहरुलाई राम्रो र शक्तिवान बनाउन गरिएको छ । यसका साथै देवि देवताहरुको पुजाआजा गरिन्छ । त्यस कारण पनि यति बेला डोल्पाका विभिन्न गाउँबस्तिहरुबाट तिर्थ स्थल जानेहरुको लर्को देखिने गरेको छ । यसले रमाइलो हुने गरेको छ । समाजमा रमाउने बाटो पनि यही देवि देवता भएको देखिन्छ । किनकी डोल्पा भनेकै देवि देवतामा अडेको जिल्लाका रुपमा चिनिने गरेको देखिन्छ । यहाँका बासिन्दाहरु हरेक दिन विहान बेलुकी पख देवि देवताहरुलाई सम्फने, धुपबत्ति बाल्ने, सधै राम्रो होस भनेर सम्फने गरेको पाइन्छ । नेपालमा प्रकृतिको स्मरण गर्दै विभिन्न प्रकारका देवि देवताको पुजा गर्दै समयकाल राम्रो होस्, अन्नपात सप्रेर सहकाल होस भनेर सम्फिने गरेको पाइन्छ ।

कहिले नाग पुजा, कहिले भैरव पुजा, कहिले प्रकृतिको पुजा, गोवर्धन पुजा, गोरु पुजा, गाई पुजा, काग पुजा, खिर खाने, दशी चिउरा खाने, घिउ खाने, कुकुर पुजा, भाई पुजा, कुशे औशी, आमाको मुख हेर्ने औशी, बाबाको मुख हेर्ने औशी, तुलसी विवाह एकादशी, लगायतका विभिन्न प्रकारका चाड पर्वहरु मान्ने गरिन्छ । यसले हाम्रो समाजलाई नवजीवन दिने गरेको देखिन्छ । समाजमा आपसि सम्बन्ध राम्रो बनाउने, सुदृढ बनाउने, समुदायका मानिसहरु आपसमा राम्रो सुधार राख्ने, एक परिवारले अर्को परिवारलाई आदर सम्मान गर्ने, सहयोग गर्ने संस्कार रहेको पाइन्छ । जे भए पनि डोल्पामा धार्मीक कार्यले पनि राम्रो काम गर्नु पर्छ, नराम्रो काम गर्नु हुँदैन भन्ने सिकाउछ । यसले समाजमा रहेका कला संस्कृतिहरुको संरक्षण सम्बर्धन गर्न सहयोग मिलेको पाइन्छ । यसमा सम्बन्धित तहका सरकारहरुले पनि समाजको सुधारका लागि सहयोग मिल्छ । यहाँ विभिन्न प्रकारका कलाहरु नाच, गित, बाजाहरु, पहिरनहरु, सामाजिक संस्कारहरु रहेको पाइन्छ । डोल्पाका तीन भेगहरुमा विभिन्न रहन सहन रहेका छन् । तल्लो र मध्य भेगमा हिन्दु धर्मावलम्बीहरु र माथिल्लो भेगमा बुद्धिष्टहरुको बसोबास रहेको पाइन्छ । यहाँ सबैको सहिष्णु व्यवहार पाइन्छ ।

# पिताजी अहाँ के छलौ ?

कर्ण संजय
रातोपाटीबाट

बापक सारापर सँ एक मुट्ठी मटियाह छाउर उठा पुछलियै
पिताजी अहाँ के छलौ ?
अछैते पयर सम्बन्ध के सभटा बोफ
अपन छाती पर एकसरे लादि
जीवन भरि
माथक बले चलैत रहलौ
पिताजी अहाँ के छलौ ?

जीवन के कुरुक्षेत्र मे
अँहा एसगरे नहिँ मुइल छलौ
अँहाक मृत्यु सङ्गे मरि गेल छलौ हमहुँ सभ
कतेक राति सुतल नै रहै घरक जीबैत आँखिसभ
कतेक दिन लोर पीब पीब क' पोसने रहै पेट
कए कए दिनधरि चुल्हि सङ्गे जारन-काठी सभ करैत रहलै
एकादशी

चिनवार पर के मोढा मे सैंतल वर्तन-वासन सभ दिन-राति गवैत रहलै समदाओन
हमरा याद अछि
आँहाके काकौंडसन देह मे दौडैत शोणितक भाफ सँ
चलै छलै पाँचटा पेट, पाँचटा मूँह आ दशटा हाथ
अपन पूर्णिमा बेचिक' अमावस्या बेसाहैत रहलौ
पिताजी अहाँ के छलौ ?

अपन खुशीके चुल्हिक आँच पर जारि क'
लोल सँ खढ-काठी बिछि खोंता बनबैत चिडैजकाँ
बुनैत रहलौं एक बराबर हजार सपना के खोंता सभ
हमरा देखल अछि

रौद मे देह टटा क' पोछैत रहलौं सुखलाहा मूँह
सहत्र प्रतिकुलताके बावजूद चट्टानजकाँ पीठपर ठाढ रहलौ अहाँ
अभिमान आ पूर्वाग्रह सँ दूर
सूईक नोंक पर घुसकुनिया कटैत अँहाक जीवन मे
गिरगिट जकाँ क्षणे क्षण बदलैत रहल दुःखक रङ्ग

पानिक आकारजकाँ बदलैत रहल अभावक आकार सभ
लाजक परिभाषा के सम्बोधन करैत अँहाक वस्त्र पर
मूँह बयने रहै छल फाटल अखबारजकाँ चेफरी सभ
दिन-राति पसिना मे कलम बोरि बोरि क'
पेटकक भूगोल पर लिखैत रहलौं अन्नक कथा सब

कहियो मरुआ रोटि पर नून-मिरचाईक कथा
कहियो मसुरीक उसना पर घिरा चटनीक कथा
कहियो माड-भात पर बथुआ सागक कथा
फूटल अएना सँ बेसी अपन जुता मे मूँह देखैत रहलौं
पिताजी अहाँ के छलौ ?

वर्खो भ' गेलै मुईला
हरेक वर्ख षष्ठी तिथिक' पिण्ड कुटैत माए के
दुनु आँखि सँ वहैत वेदनाक धार सँ पानि-पानि होइत रहली कोशी-कमला
बेर बेर भीत मे टाँगल तस्वीर सँ उतरि पोछति रहलौं लोर
पिताजी !

अहाँ मरल नै छी
आ, एकटा मृत्यु सँ मनुख मरै नै छैक
अरिपनजकाँ निखरैत अँहाक धुआ मे
जीवैत छी हम सभ
अँहा भीतरक सौंसे लोक
आइयो जीवैत अछि हमरा सभ मे
देवताक वस्ती मे मनुखजकाँ सब दिन जीबैत रहलौं
पिताजी अहाँ के छलौ ?
०००

# साहिल र वर्षा उत्कृष्ट खेलाडी

सुस्केरा समाचारदाता

धरान, साउन - धरान स्पोर्ट्स अवार्ड-२०८२ उत्कृष्ट वर्ष खेलाडी पुरुषतर्फ सितेरियो करातेका साहिल राई र महिलातर्फ करातेकै वर्षा राईले पाउनुभएको छ ।

धरान खेलकुद मञ्चद्वारा शनिबार आयोजित कार्यक्रममा विभिन्न सात विधामा पर्न सफल खेलाडी तथा प्रशिक्षकलाई खेलकुद अवार्ड प्रदान गरिएको हो । जसमा साहिल र वर्षाले उत्कृष्ट वर्ष खेलाडी अवार्ड पाउनुभएको हो । उहाँले अवार्डसहित जनही ३० हजार रुपियाँ पाउनुभयो ।

यस्तै उत्कृष्ट प्रशिक्षकको अवार्ड करातेका किरण लामाले पाउनुभयो । उहाँले २० हजार रुपियाँ पुरस्कार पाउनुभयो। उत्कृष्ट राइजिङ प्लेयरको अवार्ड टेवलटेनिसकी सुलेखाकुमारी ठाकुर र मोष्ट भ्यालुएवल पर्फमेन्स अफ दि इयर अवार्ड फुटबलका मनोज राईले पाउनुभयो । सबैलाई जनही १५ हजार रुपियाँ प्रदान गरियो ।

यसैगरि फरक क्षमता भएका खेलाडी विवेक राईलाई स्वर्गीय विक्रम राई स्मृति विशेष प्रतिभा पुरस्कारसहित १५ हजार रुपियाँ प्रदान गरियो ।

लिजेन्ड अफ दि इयर सम्मान कराते का वरिष्ठ प्रशिक्षक दिपेश शाक्य र उत्कृष्ट खेलकुद पत्रकारिता पुरस्कार बाट ब्लाष्टका कार्यकारी सम्पादक भोजराज श्रेष्ठलाई प्रदान गरियो। दुवैलाई जनही १५ हजार रुपियाँ प्रदान गरियो । धरान खेलकुद मञ्चले गत वर्ष देखि खेलाडी, प्रशिक्षक र पत्रकारलाईसमेत प्रोत्साहन गर्न खेलकुद विधाको अवार्ड

# विश्व चर्चित दश व्यक्तित्व

- श्रीप्रसाद प्रसाई(राजधानीबाट)

...... प्रधानमन्त्री भएकै बेला कौटिल्यले राज्य सञ्चालनका निम्ति ‘अर्थशास्त्र’ रचना गरे। कौटिल्य महान् राजनीतिज्ञ र विचारक थिए। शत्रुदमन गर्ने कुटिल नीतिमा पोख्त भएकैले उनलाई कौटिल्य भनिएको थियो । अहिलेको विश्वचर्चित अर्थशास्त्र कौटिल्यले इपू ३५० तिर रचना गरेका थिए । सो अर्थशास्त्रका चार विद्या दर्शन र तर्क, धर्म र वेदको ज्ञान, कृषि व्यापार तथा दण्डनीति अहिले पनि अनुकरणीय छन् । उनको दण्डनीति( लाई चाणक्य नीति पनि भनिन्छ। यिनै युगान्तकारी व्यक्तिले इपू ३२० तिर प्राण त्यागेको थिए ।

५. प्लेटो

प्लेटो प्रसिद्ध ग्रिक गणितज्ञ र दार्शनिक थिए । उनलाई आधुनिक विज्ञान र दर्शनको प्रवर्तक मानिन्छ । प्लेटोको जन्म इपू ४२८ मा एथेन्सको एक सम्पन्न परिवारमा भएको थियो । प्लेटोले युनानमा विश्वकै पहिलो ‘कारुइन विश्वविद्यालय’ स्थापना गरेका थिए । दार्शनिकले मुलुक सञ्चालन गरे समाज स्वच्छ, शान्त, स्थिर र विकसित हुन्छ भन्ने प्लेटोको मान्यता थियो । प्लेटोले रचना गरेका ३७ पुस्तकमध्ये ‘रिपब्लिकन’ सबैभन्दा चर्चित मानिएको छ । यस पुस्तकमा राजनीति, नीतिशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, कला, शिक्षा र दर्शन विद्यासमेत समावेश छन् । विश्वप्रसिद्ध दार्शनिक सोक्रेटसकै चेला, प्लेटो आदर्श राज्यको कल्पनाकार र सुधारक मानिन्छन् । यिनै धुरन्धर विद्वान् दार्शनिक प्लेटोको भौतिक शरीर इपू ३४७ मा यस संसारबाट लोप भए पनि उनको दर्शनले अमरत्व प्रदान गराएको छ। विश्वले नै यसको अनुसरण गरिरहेको छ ।

६. एरिस्टोटल

प्राचीन ग्रिकका विश्व प्रख्यात दार्शनिक एवं वैज्ञानिक एरिस्टोटलको जन्म इपू ३८४ मा ग्रीसमा भएको थियो। उनी क्रिस्चियन एवं इस्लामिक दर्शनशास्त्रका प्रवर्तक थिए । युरोपमा पुनर्जागरण आएलगत्तै वा सन् १६०० पछि अवलम्बन हुँदै आएको एरिस्टोटलको क्रिस्चियन एवं स्लामिक दर्शन यद्यपि विश्वमै प्रयोग भइरहेको छ । एरिस्टोटलको विद्वताको क्षेत्र अत्यन्त गहन थियो विज्ञान र कला उनका रुचिका विषय थिए । उनको कलम जीवनभर निरन्तर चल्यो । उनले यस क्रममा जीव विज्ञान, वनस्पति विज्ञान, रसायनशास्त्र, नीतिशास्त्र, इतिहास, तर्कशास्त्र, अध्यात्म विद्या, अलंकार विद्या, बौद्धिक शास्त्र, विज्ञानशास्त्रलगायतका अन्य धेरै दर्शन अहिलेका पुस्तालाई छोडिदिएका छन् । यिनै विश्वप्रख्यात दार्शनिकको ६२ वर्षकै उमेरमा इपू ३२२ मा स्वर्गारोहण भए पनि, विश्वकै विद्वत् व्यक्तिको बीच उनका युगान्तकारी विचारले एरिस्टोटललाई अमरत्व प्रादन गराउँदै आएको छ।

७. जुलियर्स सिजर्स

जुलियर्स सिजर्सको जन्म इपू १०० तिर रोममा भएको थियो । उनी रोमन जनरल प्रवक्ता र लेखक थिए । उनी कुलीन परिवारमा जन्मिएका थिए । १६ वर्षकै उमेरमा बुबाको मृत्यु भएपछि जुलियर्स सिजर्सले परिवार सञ्चालनको दायित्व लिनुपऱ्यो । २० वर्षको उमेरमा सिजर्स रोमन आर्मीमा भर्ना भए । इपू ५४/५५ मा इंल्यान्डसँग भएको युद्धमा सहभागी हुने पहिलो रोमन सैनिक जुलियर्स सिजर्स नै थिए । इपू ४६ मा रोममा कार्यरत रहँदा सिजर्स सैनिक हिरो नै बने । यसपछि उनको पदोन्नति पनि चाँडो चाँडो हुँदै गयो । ..........



यति बेला श्री कृष्ण जन्म लगायतका मेला हुने बेला हो । जसमा लाखे नाचिन्छ ।

# अविलम्ब शिक्षा ऐन जारी गर्न माग

सुस्केरा समाचारदाता

काठमाडौँ, साउन - सत्तारूढसहित १६ विद्यार्थी सङ्गठनले अविलम्ब विद्यालय शिक्षा ऐन जारी गर्न माग गरेका छन् । नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारीलगायत विद्यार्थी सङ्गठनले शुक्रबार संयुक्त विज्ञप्ति जारी गर्दै विद्यार्थीमैत्री ऐन जारी गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सरकारले पटक-पटक विद्यालय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धता जनाए पनि विद्यार्थीका मुद्दा र विधेयकप्रति उपेक्षा गरेको विद्यार्थी सङ्गठनको दाबी छ ।

माग पूरा नभए संयुक्त रूपमा विद्यार्थी सङ्गठनले संघर्षका कार्यक्रम घोषणा गर्ने चेतावनी दिँदै पाँच बुँदे माग अघि सारेका छन् ।

तत्काल विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्नुपर्ने, खुला प्रतिस्पर्धाबाट मात्र शिक्षक नियुक्ति गर्नुपर्ने, विद्यालय शिक्षा विधेयक विद्यार्थी सङ्गठनसँग छलफल गरेर मात्र टुङ्गो लगाउनुपर्ने र विश्वविद्यालयमा विद्यार्थी कल्याण परिषद्को निर्वाचन गर्नुपर्ने माग राखिएको छ ।

‘विद्यालय शिक्षा विधेयक विद्यार्थीहरूको प्रत्यक्ष सरोकार र चासोको विषय भएकोले संयुक्त विद्यार्थी सङ्गठनको अनिवार्य सहभागितामा सर्वपक्षीय संवाद, वार्ता र छलफलमार्फत मात्र विधेयक अघि बढाउन सरकार, विषयगत संसदीय समिति र सम्बन्धित निकाय समक्ष संयुक्त विद्यार्थी संगठन जोडदार माग गर्दछ,’ विज्ञप्तिमा भनिए को छ ।

यसैरी, विधेयकमा शिक्षक नियुक्ति शतप्रतिशत खुला प्रतिस्पर्धामार्फत मात्र हुने व्यवस्था गर्न आग्रह गरिएको छ। विधेयकमा ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट शिक्षक स्थायी गर्नेमा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य समितिमा सहमति भएको छ ।

## सामान्य ज्ञान ४३

१. सन् २०२५ जुलाइमा मलेसियामा सम्पन्न एसिसी मेन्स यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि कसले जित्यो ?

☐ नेपाल (उपविजेता : सिङ्गापुर)

- सर्वोत्कृष्ट खेलाडी : रौनक श्रीवास्तव (नेपाल)
- सर्वोत्कृष्ट बलर : विपिन शर्मा (कप्तान, नेपाल)
- सहभागी टोली : १० (नेपाल, भुटान, माल्दिभ्स, म्यानमार, थाइल्यान्ड, हङकङ, सिङ्गापुर, मलेसिया, इन्डोनेसिया र जापान)
- नेपाल लगातार चौथो पटक च्याम्पियन बनेको । यसअघि नेपालले सन् २०१७, २०१९ र २०२३ मा उपाधि जितेको थियो ।

२. गण्डकी प्रदेश सभाले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कहिले पारित गरेको हो ?

☐ विसं २०८२ असार २४

- प्रदेश प्रमुख डिल्लीराज भट्टद्वारा प्रमाणीकरण भएपछि विधेयकले कानुनको रूप लिने छ ।
- यो सँगै गण्डकी प्रदेशमा सरकारी कामकाजी भाषाको रूपमा अब नेपाली, मगर र गुरुङ भाषा गरी ३ भाषा कायम हुने ।
- गण्डकी प्रदेशमा कुल जनसङ्ख्याको १९.७९ प्रतिशत मगर र ११.३१ प्रतिशत गुरुङ जाति रहेका ।

# नेपालमा मिडिया शिक्षाको विकास

- डा. श्रीराम खनाल

पृष्ठभूमि

विश्वमा पत्रकारिता तथा आमसञ्चार माध्यमको विकास भई जनमानसमा प्रभाव पार्न सफल भइसकेका बेला नेपालमा पत्रकारिताको आरम्भ भयो। जर्मनीका जोहानेस गुटेनवर्गले १५ औं शताब्दीमै छापाखानाको आविष्कार गरे तापनि त्यस प्रकृतिको छापाखाना विसं १९०८ मा मात्र नेपाल भित्रियो। मुलुकमा कठोर राणा शासन भएकाले नेपाली भूमिमा पत्रपत्रिका प्रकाशन गर्ने वातावरण नभएकाले नेपाली भाषाप्रेमी, शिक्षित र बुज्रुकले राणा शासनको विरोध गर्दै भारतीय भूमिमै रहेर पत्रपत्रिका प्रकाशन गरेका थिए तर स्वदेशमै विसं १९५५ साउनमा प्रकाशन भएको 'सुधासागर' बाटै आधिकारिक रूपमा नेपाली पत्रकारिताको सुरुवात हुन्छ। विसं १९५८ वैशाख २४ गते प्रकाशन भएको पहिलो समाचारपत्र गोरखापत्रलाई आधार मान्दा नेपाली पत्रकारिताले १२३ वर्ष पार गरेको छ (खनाल, २०७९, पृ. १०४-१०५)। २००७ सालमा प्रजातन्त्र स्थापनादेखि २०३६ सालसम्म निजी तथा सरकारी पहलमा पत्रकारिताको विकास भए पनि त्यसले अपेक्षित उन्नति हासिल गर्न सकेन। खास गरी २०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा व्यावसायिक पत्रकारिताको सुरु हुने सङ्केत मिलेको थियो। खनाल, २०६८, पृ.५३)। मुलुकमा लोकतन्त्र प्राप्तिसँगै मिडिया विकासको वातावरण सुरु भएपछि नै मिडिया शिक्षाले विस्तारित रूप लिएको तथ्यलाई बिर्सन मिल्दैन। सुरुमा छापा हुँदै सुरु भएको नेपाली मिडिया क्रमशः विद्युतीय, अनलाइन हुँदै डिजिटल युगमा प्रवेश गरिसकेको छ।

प्रेस काउन्सिलका अनुसार नेपालमा दैनिक पत्रपत्रिका ७४० वटा, अर्धसाप्ताहिक ३१, साप्ताहिक दुई हजार ९०५, पाक्षिक ४०१, मासिक ६१२, द्वैमासिक ६१, त्रैमासिक १११, अन्य ३८ गरी चार हजार ८९९ को सङ्ख्यामा प्रकाशन दर्ता रहेको अभिलेख रहेको छ। यसै गरी चार हजार ६२२ अनलाइन दर्ता भएको, एक हजार १९३ रेडियो तथा २४६ टेलिभिजन सञ्चालनका लागि इजाजत लिएको देखिन्छ। (प्रेस काउन्सिल, वार्षिक प्रतिवेदन, २०८०/८१)। पत्रकार महासङ्घका अनुसार देशभर आठ हजारको हाराहारीमा पत्रकार यसका सदस्य छन्। (नेपाल पत्रकार महासङ्घ, २०८१) त्यसो त महासङ्घमा सदस्य नरहेका पत्रकारको सङ्ख्या पनि कम छैन।

यसबाट नेपाली मिडियाको दायरा विस्तारित हुँदै गएको आभास मिल्छ र मिडिया व्यवसायलाई गुणस्तरीय बनाउन मिडिया शिक्षा र यसको अपरिहार्यता जोडिएको हो। अनि व्यावसायिकताभित्रै प्राज्ञिक बहस खोजिने गरिन्छ।

आमसञ्चार व्यवसायलाई दक्ष, प्रशिक्षित तुल्याउनका लागि आमसञ्चार शिक्षा प्रणाली आएको हो। यसले सङ्गठित रूपमा यस क्षेत्रमा भएका अनुभव, प्रविधि, सिप तथा ज्ञानलाई बाँड्न सहयोग मात्र गर्दैन सञ्चारकर्मी बन्न आवश्यक शिक्षा र शिल्पी पनि सिकाउँछ। सन् १९८० र १९९० को दशकपछि मात्र आमसञ्चारका विभिन्न विधामा उच्च शिक्षा अध्ययन अध्यापनको परिपाटी थालनी भएको हो (रेग्मी, २०६३, पृ. २३१-३२)।

युरोप, अमेरिका र अन्य देशमा पनि सञ्चारलाई पहिले भाषाशास्त्र अन्तर्गत अध्ययन गर्ने प्रचलन थियो। पछि क्रमशः त्यसलाई समाज, राजनीति, संस्कृति आदिसँग जोडेर, अनि पछि पत्रपत्रिकासँग आबद्ध गरेर अध्ययन गर्ने चलन बढेको हो। विश्वमा खास गरी मिडिया शिक्षाको विकास दोस्रो विश्वयुद्धपछि अमेरिकी र युरोपका विश्वविद्यालयबाट भएको हो। (कोइराला, २०६०, पृ.४९)

नेपालमा मिडिया शिक्षाको इतिहास

पत्रकारिता क्षेत्रको तत्कालीन समस्याबारे अध्ययन गर्ने उद्देश्यले स्थापना भएको 'प्रेस कमिसन' को आफ्नो प्रतिवेदनमा मुलुकमा पत्रकारिता शिक्षा आवश्यकता छ भन्ने सिफारिस गरेको थियो (देवकोटा, २०२४, पृ. १९१-१९२)। समयक्रममा नेपालमा औपचारिक रूपमा पत्रकारिता शिक्षा विसं २०३३ साउन १ गतेबाट सुरु भएको हो। त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रत्नराज्यलक्ष्मी क्याम्पसले प्रवीणता प्रमाणपत्र तह (आइए) मा पत्रकारिता अध्यापनको परिपाटी सुरु गरेको हो। पत्रकारिता विषयको संस्थापक सहप्राध्यापक लालध्वज देउसा राई हुनुहुन्छ। यसै गरी २०३८ सालमा सोही क्याम्पसमा पत्रकारिता विषयमा स्नातक तह सुरु भयो भने त्रिविले आफ्नो ४२ वर्षको इतिहास पार गरेपछि अर्थात् २०५८ पुस २८ का दिन पत्रकारिता र आमसञ्चार विषयलाई पनि स्नातकोत्तर पाठ्यक्रमका रूपमा स्विकार्दै पत्रकारिता र आमसञ्चार केन्द्रीय विभाग स्थापना गर्‍यो (राई, २०६३, पृ. २२५)।

विदेशमा पत्रकारितासम्बन्धी सानाठुला तालिम लिएका, अध्ययन गरेका तथा पत्रकारिताको अनुभव सँगालेका व्यक्तिको संलग्नतामा नेपालमा पत्रकारिता शिक्षामा योगदान पुगेको पाइन्छ। निजीस्तरमा पत्रकारितामा प्रमाणपत्र तह सुरु गर्ने क्याम्पस पिपल्स क्याम्पस हो। यसले २०४३ सालदेखि त्रिवि अन्तर्गतको पत्रकारिता पाठ्यक्रम अनुसार अध्यापन सुरु गरेको हो। त्यसपछिको एक दशकसम्म नेपालमा पत्रकारिता शिक्षालाई विस्तार गर्ने प्रयास भएको पाइँदैन। एक/दुई क्याम्पसमा मात्र सीमित रहेको पत्रकारिता शिक्षाले मौलाउने अवसर पनि पाएन।

पत्रकारलाई सिप दक्षता चाहिन्छ भन्ने महसुस गरी वरिष्ठ पत्रकारको संलग्नतामा विसं २०४१ मा नेपाल प्रेस इन्स्टिच्युटको स्थापना भयो। स्वतन्त्र प्रेसको मूल उद्देश्य लिएको इन्स्टिच्युटले पत्रकारितामा डिप्लोमा तालिम सञ्चालन गर्दै आएको छ। पत्रकारिता शिक्षालाई बहुदल आएपछि अझ राम्ररी अगाडि बढाइयो। युरोपमा प्रजातान्त्रिक लहर सुरु भएपछि प्रजातन्त्र पत्रकारिता, प्रेस स्ततन्त्रता विषयमा डिस्कोर्स प्रारम्भ भयो। निजीस्तरमा मिडिया सञ्चालनमा आए पछि पत्रकारिता शिक्षाको क्षेत्र फराकिलो हुने सङ्केत मिल्यो। लोकतान्त्रिक आन्दोलनमा मिडियाको भूमिका निकै महत्वपूर्ण रह्यो। गणतन्त्रपछि मिडिया शिक्षा झन् बृहत् र फराकिलो बन्यो (अर्याल, २०८१, कुराकानीमा आधारित)।

२०५४ सालदेखि उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा ११ र १२ मा आमसञ्चार शिक्षालाई इच्छाधीन विषयका रूपमा अध्यापन गर्ने परिपाटी सुरु गरेलगत्तै काठमाडौं उपत्यका र मोफसलमा समेत आमसञ्चार शिक्षा विस्तार हुँदै गइरहेको छ (खनाल, २०६८)। त्यसो त माध्यमिक शिक्षा परिषद्ले समेत विसं २०५८ देखि कक्षा ९ र १० मा पत्रकारिता ऐच्छिक विषयका रूपमा व्यवस्थित गर्‍यो। विज्ञबाट पाठ्यक्रम लेखाइ प्रकाशन भए पनि नेपालभर न्यून सङ्ख्यामा विद्यालयमा मात्र पत्रकारिता विषयको पढाइ भएको पाइन्छ। यसले स्कुल तहमा आकर्षण कायम गर्न सकेको छैन।

२०५८ साल लगभग एकैसाथ पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत 'कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन' र कान्तिपुर सिटी कलेजले पत्रकारिता तथा आमसञ्चारका स्नातकोत्तर कक्षा सञ्चालन गरेका हुन्।

मदन भण्डारी क्याम्पसले सामुदायिक स्तरमा सबैभन्दा पहिले पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातक तहमा अध्यापन गर्ने क्रम सुरु गरेको हो। यसले शैक्षिक सत्र २०६६/६७ बाट पत्रकारिता आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्यापन गराउन सुरु गरेको हो। २०६२ सालदेखि काठमाडौं विश्वविद्यालयले पनि स्नातक तहमा पत्रकारिता तथा आमसञ्चार अध्यापन सुरु गरेर लोकप्रियता कमाएको छ।

चाहे उच्च माध्यमिक होस् या स्नातक र स्नातकोत्तर किन नहोस्, नेपालमा यस विषयको आकर्षण बढेको छैन। केवल सरकारी क्याम्पसमा मात्र स्नातक तहको अध्यापन हुने गरेकामा निजी तथा सामुदायिक क्याम्पसमा गरी हाल ९० को हाराहारीमा क्याम्पसले स्नातक तहमा आमसञ्चार तथा पत्रकारिता विषयको अध्यापन गराइरहेका छन्। अहिलेसम्म नेपालका नौ वटा विश्वविद्यालयमा मिडिया विषयमा अध्ययन अध्यापन हुन्छ। मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालयले क्रमशः विसं २०७०, २०७२ र २०७४ ले समेत पाठ्यक्रम निर्माण गरी पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातक अध्ययन गर्ने परिपाटी सुरु गरेका छन्। विसं २०७९ देखि काठमाडौं विश्वविद्यालयले मिडिया स्टडिजमा स्नातकोत्तर सुरु गरेको छ भने त्रिभुवन विश्वविद्यालयले विसं २०७४ देखि पत्रकारिता विषयमा एमफिल र विद्यावारिधि सुरु गरेको हो। नेपाल संस्कृत विश्वविद्यालयले सञ्चार विषयमा झन्डै एक दशकदेखि विद्यावारिधि तह सञ्चालन गराइरहेको छ भने काठमाडौं विश्वविद्यालयले गत सालदेखि विद्यावारिधि कार्यक्रम सुरु गरेको छ।

नेपाल खुला विश्वविद्यालयले २०७६ सालदेखि स्नातकोतर तहमा मास्टर्स इन मिडिया एन्ड कम्युनिकेसन स्टडिज र २०७९ सालदेखि स्नातक तहमा ब्याचलर इन मिडिया स्टडिज सुरु गरेको हो। त्यसो त पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत पोलिगन कलेजले २०६८ सालदेखि स्नातकोत्तरमा आमसञ्चार र पत्रकारिता, सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीले पनि सन् २००२ देखि नै स्नातकोत्तर तहमा मिडिया टेक्नोलोजी सुरु गरेको हो। विसं २०७६ देखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक तहमा पत्रकारिता र आमसञ्चार विषयको चारबसे शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याएको छ। नेपालमा पत्रकारिता शिक्षालाई हेर्दा ९, १० कक्षादेखि विद्यावारिधिसम्म बनाएर सामान्य ज्ञानदेखि उच्च तहको जनशक्ति उत्पादन गर्ने व्यवस्था गरेको पाइन्छ जसबाट नेपाली सञ्चार क्षेत्रको दायरा फराकिलो भइरहेको सन्दर्भमा योगदान पुग्ने आशा तथा विश्वास गर्न सकिन्छ।

राजधानीबाहिरसमेत माध्यमिक तहदेखि स्नातकसम्मको पठनपाठन भए पनि दक्ष जनशक्ति अझ पुगेको छैन। उच्च शिक्षा हासिल गरेकालाई भन्दा पनि केही तालिम लिएका र मध्यमखाले शैक्षिक जनशक्तिलाई सञ्चार प्रतिष्ठानले रोजगारी दिएका छन् (आचार्य, २०७८)।

पर्याप्त पाठ्यसामग्रीको अभाव, प्रयोगात्मक कक्ष (मिडिया ल्याब) को अभाव, अभ्यासको कमी, महँगो शुल्कका कारण, सैद्धान्तिक .... (गोप)

# अर्थतन्त्रको मेरुदण्ड: उद्योगबिना सम्भव छैन

- रमेश कुमार बोहोरा

आज नेपालले भोगिरहेको प्रमुख चुनौतीमध्ये रोजगारी अभाव सबैभन्दा गहिरो समस्या बनिसकेको छ। प्रत्येक वर्ष हजारौं युवाशक्ति विदेशिने क्रम बढ्दो छ तर त्यसको मूल कारणमा सरकारको योजनाविहीन नीति, उद्योगविहीन आर्थिक ढाँचा र स्थानीय रोजगारी सिर्जनाको प्रति उदासीनता स्पष्ट देखिन्छ। नेपालजस्तो कृषिप्रधान देशमा समेत उत्पादनमूलक उद्योगहरू स्थापनामा राज्यको कमजोरी देखिएको छ । विगत दुई दशकको तथ्यांक हेर्दा स्पष्ट हुन्छ सरकारले उद्योगलाई प्राथमिकता दिएको छैन र यही कारणले देशको समग्र विकास र आर्थिक आत्मनिर्भरता सपनाजस्तै बनेको छ।

वास्तविकता के हो भने हाम्रो देश नेपालमा रोजगारीको पर्याय बनेको छ वैदेशिक श्रम बेरोजगारीको यस्तो भयानक अवस्थाबाट देश गुज्रिरहेका बेला सरकारले यसको समाधान खोज्ने गम्भीर प्रयास गरेको देखिँदैन । सन् २०२५ को प्रारम्भसम्म आएको उद्योग विभागको विवरणअनुसार बागमती प्रदेशमा मात्रै करिब ४९३ उद्योग दर्ता भएका छन् तर अन्य प्रदेशहरूमा त्यसको तुलनामा अत्यन्तै न्यून संख्या छ कोसी, मधेस र गण्डकी प्रदेशमा मात्र १९-१९ लुम्बिनीमा २५ र सुदूरपश्चिममा जम्मा ६ उद्योग दर्ता भएका छन् । यस्तो तथ्यांकले स्पष्ट देखाउँछ कि सरकारको ध्यान समान क्षेत्रीय विकासमा छैन । उद्योग स्थापनामा राज्यको राजनीतिक इच्छा( शक्ति नहुँदा देश आन्तरिक रोजगारी सिर्जनाबाट टाढिँदै गएको छ।

नेपालका अधिकांश उद्योगहरू राजधानी केन्द्रित छन् । त्यसमा पनि उत्पादन होइन आयातमा आधारित थोक डिलरहरू, प्याकेजिङ उद्योग वा परिष्कृत वस्तुका सीमित कारोबार मात्रै छन्। बाँकी क्षेत्रहरूमा चाहिँ उद्योगको नाममा काम चलाउ प्रयास मात्रै छन् । सरकारले "स्वदेशमै रोजगारी सिर्जना गर्ने" भनेर बारम्बार घोषणा गर्ने गरे पनि त्यसको कार्यान्वयनमा शून्यता देखिन्छ । उदाहरणका लागि नेपालमै एक दशकभन्दा बढी समयदेखि घोषणा गरिएको मल कारखानाको योजना अहिलेसम्म कार्यान्वयनमा आएको छैन । किसानहरू वर्षेनी मलको अभावमा सास्ती भोगिरहेका छन् तर सरकारले भने उही आश्वासन दोहोऱ्याउने काममात्र गर्दै आएको छ।

हाम्रो कृषिप्रधान देशमा उद्योगको विकासले अर्थतन्त्रलाई मात्र हो इन रोजगारी सृजनालाई समेत बल पुऱ्याउँछ । चामल, तोरी, गहुँ, सुर्ती, तरकारी, फलफूल यी सबैका उद्योगहरू निर्माण गर्न सकिने देशको क्षमता हुँदाहुँदै पनि त्यसमा लगानी र नीतिगत प्रोत्साहनको खडेरी देखिन्छ। कृषिमा आधारित उद्योग स्थापना गरेर स्थानीय कच्चा पदार्थलाई प्रयोग गर्दै उत्पादनमा रूपान्तरण गर्ने रणनीति अपनाइएको भए हामीले करोडौं र कम खर्च गरेर छिमेकी राष्ट्र भारत र चीनजस्ता मुलुकबाट आयात गर्नुपने अवस्था रहने थिएन । सरकारी नेतृत्वले अझै पनि उत्पादनभन्दा आयातमुखी आर्थिक ढाँचालाई निरन्तरता दिएको छ।

अर्को पक्षमा हेर्दा सरकारी तन्त्रको ढिलासुस्ती र कर नीति उद्योगहरूका लागि बाधक बनेको छ । हाल सञ्चालनमा रहेका उद्योगहरूले स्थानीय, प्रदेश र संघ तीनवटै सरकारबाट कर तिर्नुपर्ने स्थिति रहेको छ जसले उद्योगीहरूलाई झनै हतोत्साहित बनाएको छ। स्पष्ट कर नीति अभाव, झन्झटिलो प्रक्रिया, अनावश्यक जाँच पास प्रणाली, आयात निर्यातको पेचिलो अनुमति प्रक्रिया यी सबैले औद्योगिक वातावरणलाई असहज बनाएको छ । उद्योगको वृद्धिमा सघाउने राज्य नीतिहरू अझै पनि अस्पष्ट छन् ।

अहिले नेपालमा उत्पादन हुने मुख्य वस्तुहरू चिनी, चामल, इँटा, सिमेन्ट, चप्पल, जुटका सामान प्रति बजारमा माग छ तर ती उद्योगको उत्पादन क्षमतामा गिरावट आएको देखिन्छ । यो गिरावटको मूल कारण भनेकै कच्चा पदार्थको आयातमा निर्भरता, ऊर्जा संकट, पूर्वाधार अभाव र बजार व्यवस्थापनको कमजोरी हो। खासगरी ऊर्जा संकट नेपालका अधिकांश उद्योगको मर्ममा परेको चोट हो । नियमित विद्युत आपूर्ति नभएको, सौर्य तथा वैकल्पिक ऊर्जा प्रवर्द्धनमा सरकार गम्भीर नदेखिएको र पूर्वाधार (सडक, यातायात, भन्सार सहजता) को अभावले उद्योगहरू धराशायी बन्दै गएका छन्।

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ लागू गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नगर्दा यसको प्रभाव सीमित बनेको छ । उद्योगमैत्री वातावरण निर्माण गर्ने भनिएको कानुनलाई व्यावहारिक जीवनमा रुपान्तरण गर्न सरकार असफल देखिएको छ। ऐन बनाउनु मात्र पर्याप्त होइन त्यसको कार्यनयनमा इच्छाशक्ति, प्रशासनिक दक्षता र लगानीमैत्री संरचना आवश्यक पर्छ। विडम्बना हाम्रो देश नेपालमा नीति बनाउने र त्यसलाई लत्याउने परम्परा नै विकास भएको देखिन्छ।

यसै सन्दर्भमा एक महत्वपूर्ण प्रश्न उठ्छ के सरकार वास्तवमै उद्योगको विकास चाहन्छ ? यदि चाहन्छ भने किन प्रत्येक वर्ष सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उद्योग स्थापना सम्बन्धी लक्ष्य तोक्दैन ? किन प्रदेशस्तरीय पूर्वाधार योजनाहरूमा उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिइँदैन ? किन ऋण लिन चाहने साना उद्योगीहरू साखमा समस्या भएर बिचौलियाको सहारा मा जानुपर्ने स्थिति आउँछ ? यी प्रश्नहरू सरकारी गम्भीरताको परीक्षण गर्ने कसौटी हुन् । दुर्भाग्यवश यी प्रश्नहरूको उत्तर पत्तो छैन ।

उद्योगको विकाससँगै राज्यले कृषि, सेवा, पर्यटन, ऊर्जा र पूर्वाधारमा समेत गुणात्मक सुधार ल्याउन सक्छ । उदाहरणका लागि साना किसानहरूलाई उत्पादनपछि उत्पादित वस्तु बिक्रीका लागि बजार र मूल्य सुनिश्चित गर्न सक्ने उद्योगिक संयन्त्र बनाइयो भने कृषिमा युवाको आकर्षण बढ्न सक्छ । आज लाखौं रोपनी जमिन बाँझो छ किनभने किसानलाई न मल छ न औजार न प्रविधि न त मूल्यको निश्चितता त्यसमा आधारित कृषिजन्य उद्योग नहुनु कृषि क्षेत्रको अवमूल्यनको मूल कारण हो ।

नेपालमा श्रमको सम्मान गर्ने परिपाटी कमजोर रहेको तथ्य पनि स्वीकार गर्नैपर्छ । यही मानसिकता प्रवृत्तिका कारण युवाहरूले कृषि, निर्माण, सेवा जस्ता क्षेत्रमा काम गर्न चाहँदैनन् । कामको आधारमा हैसियत तोक्ने समाजिक दृष्टिकोणले उत्पादनमुखी श्रमको अवमूल्यन गरेको छ। पश्चिमी देशहरूमा जस्तो "सजिलो अप्ठ्यारो होइन काम काम हो" भन्ने भावना नेपालमा विकास हुन नसक्दा पनि उद्योगहरू जनशक्ति अभावले चल्न नसकेको अवस्था देखिन्छ।

यो समस्याको समाधान भनेको लामो अवधिको योजनाबद्ध ………………


## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

# विपद् व्यवस्थापनमा पूर्वतयारी

- डा.माधव अधिकारी

विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, प्राकृतिक एवं मानवीय क्रियाकलापबाट सिर्जित विपत्को जोखिममा हामी छौँ । साथै जलवायु परिवर्तनबाट परेको प्रतिकूल प्रभावका कारणले विपत्को दृष्टिकोणले उच्च जोखिममा रहेको बाढी, पहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिम पहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको विभिन्न अध्ययन अनुसन्धान र घटनाले देखाएको छ । विगतमा विपत् जोखिम व्यवस्थापनको सवालमा पूर्वतयारी वा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व नदिइदा जनधनको ठूलो नोक्सान भएको छ। विपत् जोखिम व्यवस्थापनलाई विकासका योजनासँग मूल प्रवाहीकरण गरी उत्पादनशील समुदाय, समाजको दायित्वभित्र पार्न आआफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक भएको छ ।

सङ्घीय राजधानी काठमाडौँ उपत्यकाका साथै तराईका क्षेत्र तथा पहाडी भूभाग प्राकृतिक प्रकोपको व्यवस्थापनको दृष्टिले एक अति संवेदनशील क्षेत्र मानिन्छ। घना आवादी बढ्दै जानु, कमजोर आधारभूत संरचना निर्माण हुनु, जाडो याममा शीतलहर र आगलागी, वर्षायाममा चारैतिर ठूलो बाढी पहिरोका समस्याका कारण यहाँको प्रकोप सङ्कटासन्नता तथा जोखिमको स्तर बढ्दै गएको पाइन्छ । साथै, अव्यवस्थित रूपमा भइरहेको सहरीकरणसँगै भूकम्पीय दृष्टिले नगरक्षेत्रका भवन तथा भौतिक संरचना पनि जोखिमको अवस्थामा छन् । नेपालका विभिन्न क्षेत्रमा भूकम्प, बाढी पहिरो, विस्फोट, आगलागी, सुख्खा, आँधिबेहरी, शीतलहर, चट्याङ, डढेलो, जस्ता सम्भाव्य सबै प्रकारका विपत्जन्य अवस्थाको पूर्वसूचना, सङ्कटासन्न अवस्था तथा त्यस्ता क्षेत्रमा रहेका जोखिम विवरण समुदाय र सरोकारवाला निकायलाई उपलब्ध गराई सम्भाव्य विपत्बाट बचाउन पूर्वतयारीका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सोसम्बन्धी कार्य गर्न आवश्यक छ । राजनीति निकै अस्थिर भएका कारण प्राकृतिक विपत् र वातावरण संरक्षणमा ध्यान जान सकेको थिएन् ।

बाढी, पहिरो, भूकम्प, आगलागी, शीतलहर, सर्पको टोकाइ एवं जलवायु परिवर्तन जस्ता विविध प्रकृतिका प्रकोपका घटनाबाट सङ्कटासन्न अवस्थामा नेपाल रहेको छ । विपत् व्यवस्थापनको उचित पूर्वतयारी नहुँदा यस्ता विपत् लाई व्यवस्थापन गर्न कठिनाइ र लामो समय लाग्छ । जाडो याम बढेसँगै आगो ताप्न जथाभावी फोहोर जलाउने तथा आगो बाल्ने कारणले गर्दा पनि आगलागी तथा डढेलो जस्ता विपत्को सामना गर्नु परेको छ । यसका अतिरिक्त विभिन्न प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक तथा हवाई दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपत्का घटना पनि हुने गरेका छन् । यसरी नेपालले बर्सेनि प्राकृतिक तथा गैरप्राकृतिक विपत्का घटनाको सामना गरिरहनु परेको छ । राष्ट्रिय जनगणना २०७८, सामुदायिक प्रतिवेदन, २०८१ अनुसार नेपालका कुल छ हजार ७४३ वडामध्ये छ हजार ६६४ वडा अर्थात् ९९ प्रतिशत वडामा कुनै न कुनै प्रकारको जोखिम रहेको देखिन्छ । सबैभन्दा बढी बाढीको जोखिम ६३.६ प्रतिशत रहेको छ । प्रदेशगत रूप मा हेर्दा कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका वडाहरू पहिरोको जोखिम देखिन्छन् भने मधेश र लुम्बिनी प्रदेशका वडामा बाढीको जोखिम रहेको देखिन्छ ।

जलवायु परिवर्तनको कारणले नेपालमा नियमित रूपमा वर्षा हुँदैन । कहिले भारी वर्षा त कहिले अनावृष्टि हुने खतरा छ भने कमजोर र भिरालो धरातलीय कारणबाट भूक्षय भई नेपालको अधिकांश तराई भूभागमा बाढी पहिरोले सताउने गरेको छ। अर्कोतर्फ वन जङ्गलको विनाश, प्रकृतिक स्रोत पानी, ढुङ्गा, बालुवा आदिको अनियन्त्रित दोहन तथा अव्यवस्थित बसोवासले धेरै विपत् निम्त्याएको अवस्था छ। यसले राष्ट्रको अर्बौं आर्थिक धनराशि खेर गएको छ । आगजनीतर्फ विशेष गरी तराईमा गर्मीको मौसममा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्ने भएकाले ग्रामीण बस्तीमा आगलागी ठूलो समस्याको रूपमा रहेको छ भने जाडो महिनामा शीतलहरको उच्च जोखिम रहेको छ । नेपालमा यस्ता विपत्सँग जुध्न सक्ने क्षमताको विकास र पूर्वतयारी जस्ता कार्यमा सारभूत रूपमा ठोस कार्य अझै हुन सकेको छैन्। नेपालको भूधरातलीय स्वरूप अनुसार विपत्को दृष्टिकोणले अति संवेदनशील क्षेत्र मानिन्छ। यहाँ प्राकृतिक एवं मानवीय दुवै कारणले ठूला ठूला विपत्का घटना भई त्यसबाट मानवीय क्षति, भौतिक सम्पत्तिको विनाश तथा वातावरणीय ह्रास भइरहेको अवस्था छ। नेपालमा प्रकोप बढी आउनुमा मानवीय र प्राकृतिक कारण नै प्रमुख रूपमा रहेका छन् ।

भूबनोट, जलवायु परिवर्तनको असरले जथाभाबी बाढी पहिरो आउने, कतै सुख्खा अनावृष्टि पनि भएको उदाहरण छ भने चट्याङबाट पनि मानिसको मृत्यु भएको अवस्था छ। वन विनाश, अव्यवस्थित बसोबास, जनचेतनाको कमी, नदीमाथिको दोहन, जथाभाबी चरिचरणले गर्दा विभिन्न विपत् आएको, त्यसबाट प्रशस्त धनमालको क्षति भएको छ। .......... (गोपबाट)


## स्तनपान: बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ। त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

काइके गाउँपालिका, डोल्पा

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

-पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीका मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

बोल्पोबुद्ध गाउँपालिका, डोल्पा